# प्रेस-वक्तव्य

१. देशमा लोकतन्त्र, शान्ति र अग्रगमनको निम्ति नेकपा (माओवादी) र सात राजनीतिक दलहरूबीच गत मंसीर ७ गते सम्पन्न ऐतिहासिक १२-बुँदे समझदारीप्रति दृढ प्रतिवद्धता व्यक्त गर्दै त्यसलाई अझ ठोस र विकसित गर्दै लैजान तथा सामन्ती राजतन्त्र विरोधी संयुक्त आन्दोलनलाई तीव्रता दिन यही चैत्र ६ गते जारी दोश्रो समझदारीको विशिष्ठ राजनीतिक महत्व रहेको सर्वविदितै छ । यी दुवै समझदारीबाट अघि बढ्दै देशमा निरंकुश राजतन्त्रविरोधी साझा नारा, साझा मोर्चा र साझा कार्यक्रम तय गरेर देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीवेहरी सिर्जना गर्न र निःशर्त संविधानसभाको निर्वाचन मार्फत् लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने कार्यभार पूरा गर्न हामी सवै लोकतान्त्रिक राजनीतिक शक्तिहरूलाई पुनः जोडदार आग्रह गर्दछौं ।

२. हाल देशमा चलिरहेको निरंकुश शाही सत्ता विरोधी आन्दोलनका सवै धारहरूलाई एकीकृत र केन्द्रीकृत गरेर शाही सत्तामाथि निर्णायक प्रहार गर्नु आजको ऐतिहासिक आवश्यकता हो । त्यही आवश्यकतालाई मध्यनजर गर्दै ने.क.पा.(माओवादी) र सात राजनीतिक दलहरूवीच समझदारी र सहमति भए वमोजिम सात दलद्वारा घोषित यही चैत्र २४ देखि २७ गते सम्मको देशव्यापी आम हड्ताल, असहयोग आन्दोलन र तथा काठमाडौंकेन्द्रित वृहद् जनप्रदर्शनहरूलाई हामी पूर्ण रुपले सहयोग र समर्थन गर्ने घोषणा गर्दछौं । २०४६ सालको जनआन्दोलनमा राजतन्त्रविरोधी जनविद्रोहको उत्कर्षको दिन चैत्र २४ गते र वहुदलीय व्यवस्था घोषणा गरिएको चैत्र २६ गतेका ऐतिहासिक दिनहरूलाई संयोजन गरेर राखिएको यो संयुक्त जनआन्दोलनको कार्यक्रमको विशिष्ठ ऐतिहासिक महत्व रहेको स्वतः स्पष्ट छ । त्यसैले यी संघर्षका कार्यक्रमहरूमा सक्रिय रुपले सहभागी वनेर र हरतरहले साथ दिएर सहयोग गर्न हामी सम्पूर्ण देशभक्त तथा लोकतान्त्रिक राजनीतिक शक्तिहरू, जनवर्गीय संगठनहरू, जातीय तथा क्षेत्रीय मोर्चाहरू, पेशागत संगठनहरू, संचारकर्मीहरू, नागरिक समाज र आम जनसमुदायमा हार्दिक अपील गर्दछौं ।

३. उपरोक्त देशव्यापी आम हड्ताल, असहयोग आन्दोलन र जनप्रदर्शनको कार्यक्रमको तयारीलाई ध्यान दिंदै तथा सात राजनीतिक दलहरू, नागरिक समाज, विविध पेशागत संगठनहरू र आम जनसमुदायको आग्रहको समेत उच्च कदर गर्दै हाम्रो तर्फबाट चैत्र १ गते देखि जारी नाकावन्दी र चक्काजामको कार्यक्रम यही चैत्र ७ गतेदेखि लागू हुने गरी फिर्ता लिएको तथा हाम्रो तर्फबाट घोषित अन्य सवै संघर्षका कार्यक्रमहरू पनि फिर्ता लिने निर्णय भएको सार्वजनिक जानकारी गराउँदछौं । भविष्यमा आवश्यकता अनुसार हाम्रो तर्फबाट थप संघर्षका कार्यक्रमहरू घोषणा हुन सक्ने जानकारी गराउँदै अहिलेसम्मको नाकावन्दी र चक्काजाम कार्यक्रम पूर्ण रुपले सफल पारेर शाही सत्तामाथि चोटिलो प्रहार गर्न योगदान गर्नुहुने सवैलाई हामी हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछौं ।

*२०६२ चैत्र ६*

.......................................... ..........................

(बाबुराम भट्टराई)
संयोजक
वृहद राष्ट्रिय राजनीतिक सम्मेलन आयोजक समिति
संयुक्त क्रान्तिकारी जनपरिषद् , नेपाल

(प्रचण्ड)
अध्यक्ष
ने.क.पा. (माओवादी)
तथा सर्वोच्च कमाण्डर, जनमुक्ति सेना नेपाल